# नवजात शिशुलाई आमाको नाँगो छातीमा टाँसेर न्यानो बनाई राख्ने (मायाको अँगालो) विधि



शिशुलाई टोपी र मोजा मात्र लगाई आमाको दुई स्तन बिच छातीमा टाँसी शिशुलाई सास फेर्न सजिलो हुने गरि राख्ने



शिशुलाई न्याप्किन लगाइ, शिशु र आमालाई कपडाले बेरेर आमाको ढाड पछाडि पट्टी बाँध्ने



अर्को बाक्लो कपडाले शिशु र आमालाई ओढाउने



सम्भव भएसम्म शिशुलाई यो अवस्थामा चौबिसै घण्टा राख्ने



शिशुलाई बीच बीचमा स्तनपान गराई रहने




शिशुलाई मायाको अँगालोमा राख्दै आमाले पनि आराम गर्ने




शिशुलाई मायाको अँगालोमा राखेर न्यानो बनाई राख्ने काम परिवारका अन्य सदस्यले गरेर आमालार्य सहयोग गर्ने

# नवजात शिशुलाई गर्नुपर्ने ५ मुख्य अत्यावश्यक स्याहार



१. नवजात शिशुलाई जन्मनासाथ नरम, सफा र सुख्खा कपडाले पुछ्ने र अर्को नरम सफा कपडाले बेरी न्याने पारी राख्ने।



२. नवजात शिशुलाई न्यानो पारिराख्न आमाको नाङ्गो छातीमा टाँसेर राख्ने



३. नवजात शिशुलाई सकेसम्म छिटो जन्मेको १ घण्टा भित्रै बिगौती दुध खुवाउने



४. बच्चाको नाभी काटीसके पछि नाभी मलम लगाई नाभीलाई सुक्खा र सफा राख्ने

५. नवजात शिशुलाई जन्मेको २४ घण्टा सम्म ननुहाउने।

"यी अत्यावश्यक स्याहार गर्नसके नवजात शिशुलाई अकाल मृत्युबाट बचाउन सकिन्छ।"


# जन्मेदेखि दुई महिना सम्मको शिशुमा खतराका चिन्ह देखा परेमा उपचारको लागि तुरुन्त स्वास्थ्य संस्थामा प्रेषण गर्ने



१. छिटो सास फेरेमा
(प्रति मिनेट ६० वा सो भन्दा बढी)



२. कोखा हानेमा



३. सुस्त, बेहोस वा
कम चलाई भएमा







४.आमाको दुध राम्रो
सँग चुस्न नसकेमा



७. नाईटो पाकेको वा छालामा
पीपका फोकाहरु आएमा



६. ज्वरो आएमा



५. शिताङ्ग भएमा

**ध्यान दिनुहोस्:**

क) यी मध्ये कुनै पनि चिन्ह देखिएमा शिशुलाई आमाको दुध चुसाउँदै मायाँको अँगालोमा राखेर प्रेषण गर्ने ।

ख) शिशु अवधि नपुग्दै जन्मेको भएमा वा जन्मदा कम तौल भएमा पनि प्रेषण गर्ने ।

ग) शिशुलाई कमलपित्त भएमा पनि प्रेषण गर्ने ।

काभ्रे जिल्लाको लागि प्रेषण केन्द्रहरु: धुलिखेल अस्पताल र मेथिनकोट अस्पताल